# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं पौष १८ गते २०२१ साल [अतिरिक्ताङ्क २४

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको भूमिसम्बन्धी (संशोधन) नियमहरू, २०२१ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

भूमिसम्बन्धी नियमहरू, २०२१ (यसपछि मूल नियमहरू भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ:–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "भूमिसम्बन्धी (संशोधन) नियमहरू, २०२१" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. मूल नियमहरूको नियम १८ मा संशोधनः– मूल नियमहरूको नियम १८ को उप–नियम (३) को सट्टा निम्नलिखित उप–नियम (३) राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ऐनको दफा ७ मा तोकिएको अधिकतम हदसम्म वा सोभन्दा कम जग्गा भएका जग्गावालाहरूले यस नियमबमोजिम दाखिल गर्नुपर्ने फांटवारी भूमिसुधार अधिकारीले यी नियमहरूबमोजिम खटाएको भूमिसुधार टोली वा स्थानीय गाउँ वा नगर पञ्चायत छेउ दाखिल गर्नुपर्दछ । त्यस्तो जग्गावालाको हकमा यो नियम लागू भएको क्षेत्रभित्र निजको जग्गा भएको ठाउँमा भूमिसुधार टोली गएको मितिमा उप-नियम (१) बमोजिमको सूचना जारी भएको मानिने छ ।

आज्ञाले—
कुलशेखर शर्मा,
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।